लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौं
मिति: २०८१।०२।१३ गते।

# प्रेस विज्ञप्ति- ३५५

# Press Release- 355

## अवैध लागु औषध कारोवार गर्ने अन्तराष्ट्रिय गिरोहका सदस्य १ के.जी १०१ ग्राम कोकिन सहित पक्राउ

विभिन्न मुलुकहरुबाट नेपाल प्रवेश गर्ने नागरिकहरूलाई निरन्तर निग्रानी गर्ने क्रममा लागु औषध कारोवार गर्ने अन्तराष्ट्रिय गिरोहका एक सदस्यलाई मिति २०८१।०२।११ गते यस ब्यूरोले लागु औषध **कोकिन १ के.जि. १०१ ग्राम** पक्राउ गरिएको छ।

मिति २०८१।०२।०४ गते दुवईबाट काठमाण्डौ आएकी CONGOLESE नागरिक बर्ष ४९ की APULA EKUTSHU MBONGO लाई त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलबाट पिछा गरी जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. १७ ठमेल स्थित एक होटेलमा बसिरहेको अवस्थामा निजको गतिबिधी शंकास्पद लागि खानतलासी गर्दा निजको ह्याण्ड ब्याग भित्र प्लाष्टिकको झोलामा लुकाई छिपाई राखिएका ८५ वटा प्लाष्टिकले ऱ्यापिङ गरिएका क्याप्सुलहरु फेला परेको छ।
साथै प्रारम्भिक अनुसन्धानको क्रममा बरामद गरिएका क्याप्सुलहरु APULA EKUTSHU MBONGO ले पेट भित्र निलेर लुकाउ छिपाउ गरि ल्याएको खुल्न आएको छ। निज उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको छ।

**नोट:- बरामद गरिएको अवैध लागु औषध कोकिन १ के.जी. १०१ ग्राम को अवैध बजार मुल्य अन्दाजी रु. ३ करोड ८५ लाख हुन आउँछ।**



लागु औषध कोकिन

**प्रवक्ता / सूचना अधिकारी**
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नम्वर : ९८५११३२७४३

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal



